# सबैको लघुवित्त वित्तीय संस्था लि.
## Sabaiko Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

**Head Office :**
Bandipur-1, Dumre, Tanahun
Phone: 065-580407/580427


# Unaudited Financial Results (Quarterly)

## As at the end of 4th Quarter (31/03/2078) of the fiscal year 2077/78 (2020/2021)

Rs in '000'

| S. No. | Particulars | This Quarter Ending 2078-03-31 | Previous Quarter Ending 2077-12-31 | Corresponding Previous Year Quarter Ending 2077-03-31 |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **3,752,215** | **3,375,843** | **2,337,763** |
| 1.1 | Paid up Capital | 206,027 | 206,027 | 186,450 |
| 1.2 | Reserve and Surplus | 128,004 | 93,180 | 43,250 |
| 1.3 | Debenture & Bond | - | - | - |
| 1.4 | Borrowings | 2,407,599 | 2,172,208 | 1,460,456 |
| 1.5 | **Deposits (a+b)** | **902,872** | **818,977** | **603,272** |
| | a. Member | 902,872 | 818,977 | 603,272 |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Liability | 48,992 | 33,973 | 14,771 |
| 1.7 | Other Liabilities | 58,721 | 51,478 | 29,564 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **3,752,215** | **3,375,843** | **2,337,763** |
| 2.1 | Cash and Bank Balance | 69,596 | 66,247 | 115,048 |
| 2.2 | Money at Call and Short Notice | 168,449 | 149,581 | 204,990 |
| 2.3 | Investments | - | - | - |
| 2.4 | Loans and Advances | **3,437,487** | **3,101,087** | **1,973,561** |
| 2.5 | Fixed Assets | 23,441 | 19,781 | 16,296 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 53,242 | 39,147 | 27,868 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 393,683 | 256,408 | 354,523 |
| 3.2 | Interest Expense | 156,078 | 110,039 | 195,034 |
| | ***A. Net Interest Income (3.1 - 3.2)*** | **237,605** | **146,369** | **159,489** |
| 3.3 | Fees, Commission and Discount | 4,150 | 2,348 | 2,695 |
| 3.4 | Other Operating Income | 65,102 | 51,987 | 45,148 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | ***B. Total Operating Income (A + 3.3 + 3.4 + 3.5)*** | **306,856** | **200,704** | **207,332** |
| 3.6 | Staff Expenses | 103,368 | 71,464 | 78,298 |
| 3.7 | Other Operating Expenses | 32,883 | 23,918 | 29,070 |
| | ***C. Operating Profit Before Provision (B - 3.6 - 3.7)*** | **170,606** | **105,321** | **99,965** |
| 3.8 | Provision for Possible Losses | 19,269 | 23,989 | 45,257 |
| | ***D. Operating Profit (C - 3.8)*** | **151,336** | **81,332** | **54,708** |
| 3.9 | Non Operating Income/ Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 30,117 | 44,492 | - |
| | ***E. Profit From Regular Activities (D + 3.9 + 3.10)*** | **181,453** | **125,825** | **54,708** |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | - | - | - |
| | ***F. Profit before Bonus and Taxes (E + 3.11)*** | **181,453** | **125,825** | **54,708** |
| 3.12 | Provision for Staff Bonus | 18,145 | 12,582 | 5,471 |
| 3.13 | Provision for Tax | 48,992 | 33,973 | 14,771 |
| | ***G. Net Profit/ Loss (F - 3.12 - 3.13)*** | **114,316** | **79,270** | **34,466** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 9.78% | 9.45% | 11.59% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 2.25% | 1.61% | 1.61% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 73.58% | 89.30% | 195.18% |
| 4.4 | Cost of Funds | 5.93% | 6.03% | 10.08% |
| 4.5 | Credit to Deposit Ratio (Calculated as per NRB Directives) | 387.14% | 384.19% | 337.74% |

**Note :** * Loan Loss Provision has been calculated as per NRB Circular dated 2078/04/11.
* The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.
* Operation started from Asadh 30, 2074

**Interest Rate**

| | |
|---|---|
| Client Deposit : 4% - 9% | Loans & Advance : 10% - 15% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली,
## २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
# आ.व. २०७७/७८ को चौथो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात प्रतिशत |
|---|---|---|---|---|
| ५५.४९ | ३२.७१ | १६२.१३ | १८२१.२२ | २०.३१% |

२. **ब्यवस्थापकीय बिश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:** आ.व. २०७७/७८ को चौथो त्रैमासिक अवधीमा वित्तीय कारोवारहरु सन्तोषजनक रुपमा वृद्धि भएको छ । परिणाम स्वरुप संस्थाको मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक बृद्धि भएको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको सुरु देखिनै वित्तीय पहुंच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशिकरण बढाउने उद्धेश्यले लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ । हाल देशका ७ वटै प्रदेशहरुमा ४० जिल्लामा बिभिन्न स्थानहरुमा ७७ वटा शाखा कार्यालयहरु मार्फत ५३,८२५ घरपरिवारमा गुणस्तरीय लघुवित्तीय कारोबार मार्फत सेवा दिदै आइरहेको छ । चालु आ.व. मा वित्तीय पहुँच कम पुगेका ग्रामिण क्षेत्रमा थप शाखा विस्तार गरी संख्यात्मक साथै गुणात्मक रुपमा कार्यक्रम विस्तार गर्ने नीति रहेको छ ।

ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:** कोभिड-१९ को असर, वित्तीय श्रोतको परनिर्भरता, अपर्याप्तता, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, एउटा संस्थाका कर्मचारी तथा ग्राहकहरु अर्को संस्थाले लाने प्रवृती बढेको आदि समस्या रहेता पनि चौथो त्रैमासिक वित्तीय अवस्थामा खासै असर परेको छैन । कोभिड-१९ संक्रमणको जोखिमलाई न्यूनिकरण गर्दै आवश्यक स्वास्थ सतर्कता सहित संस्थाले नयाँ रणनीतिका साथ अगाडी बढ्ने नीति लिएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

ख) यस संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्धमा प्रचलित नियम कानुनको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको ब्यबस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्वद्ध निकायहरुलाई उपलब्ध गराउनुपर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण देहाय बमोजिम रहेको छ ।

| शेयरको अधिकतम मुल्य | शेयरको न्युनतम मुल्य | आषाढ मसान्तको अन्तिम मुल्य | कुल कारोबार भएको दिन | कूल कारोवार संख्या |
|---|---|---|---|---|
| १,९६४ | १,५४० | १,८१५ | ६५ | ७,५३८ |

५. **समस्या तथा चुनौती :**

क) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को असरले गर्दा ग्राहक सदस्यहरुलाइ प्रदान गरेको कर्जाको नियमित साँवा र ब्याज असुलीमा समस्या,

ख) लघुवित्त संस्थाहरुको संख्यात्मक रुपमा बृद्धि संगै भएको सदस्यहरुको दोहोरोपना,

ग) यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, दक्ष जनशक्तिको अभाव,

घ) अप्रत्यासित रुपमा आइपर्ने प्राकृतिक प्रतिकुल अवस्था ।

६. **संस्थागत सुशासन** :

क) वित्तीय संस्थाले आफ्नो काम कारोवार चुस्त दुरुस्त छिटो छरितो एवं संस्थागत सुशासनका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यबस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति सुद्धिकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ ।

ख) नेपाल राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनहरुको साथै प्रचलित ऐनहरुः कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन, २०६३, आयकर ऐन २०५८ लगायतका सम्बन्धित ऐन र कानूनको परिपालना गरिएको छ ।

ग) यस वित्तीय संस्थाले संस्था संचालनका लागि आवश्यक पर्ने बिभिन्न बिनियमावली, कार्यविधीहरु बनाई लागु गरिएको छ । आन्तरिक नियन्त्रण प्रणालीलाइ चुस्त दुरुस्त बनाउन आन्तरिक लेखापरीक्षण बिभाग खडा गरी उक्त बिभागबाट दिइएका सुझावहरुलाई कार्यान्वयन गर्दै लगिएको छ ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, मैंले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित निणर्य लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन ।